उमाकुण्ड गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

प्रिति, रामेछाप

बागमती प्रदेश, नेपाल

पत्र संख्याः ०८२/०८३

चलानी नं: १८३०

मितिः- २०८२/१०/११

ने.स.११४६ सिल्लाथ्व सप्तमी, आइतबार

## सूचना! सूचना!! सूचना !!!

प्रस्तुत विषयमा उमाकुण्ड गाउँपालिकाको आ.व. २०८२/०८३ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार ६० प्रतिशत अनुदानमा कार्यक्रम कार्यान्वयन गर्ने गरि स्वीकृत भएता पनि **"प्रदेश तथा स्थानीय तहमा सर्शत वित्तीय हस्तान्तरण भएका कृषि विकास कार्यक्रम कार्यान्वयन कार्यविधी २०८२" तथा " स्थानीय तहमा सर्शत अनुदान अन्तर्गत कृषि कार्यक्रम कार्यान्वयन कार्यविधि २०८२" र "एकीकृत कृषि विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२"** अनुसार चालु प्रकृतिको अनुदानको कार्यक्रमहरूमा बढिमा ५० प्रतिशत मात्र अनुदान हस्तान्तरण गर्न मिल्ने उल्लेख भएको साथै गाउँपालिकाबाट स्वीकृत कृषि तर्फका कार्यक्रम नियमानुसार ५०/५० प्रतिशत साझेदारीमा सञ्चालन गर्ने गरी उमाकुण्ड गाउँपालिका गाउँसभाको १९ औं अधिवेसनबाट निर्णय भएको हुँदा यस अघि गाउँपालिकाबाट ५० प्रतिशत भन्दा बढी अनुदान हस्तान्तरण गर्ने गरी प्रस्ताव आवहान भई प्रस्ताव पेश भई सकेका कार्यक्रम समेत नियमानुसार गाउँपालिका र लाभग्राहीको ५०/५० प्रतिशत लागत साझेदारीमा सञ्चालन हुने भएकोले मितिः२०८२/०५/१७ गते प्रकाशित सूचना अनुसार कृषि तर्फको स्वीकृत तपशिलका कार्यक्रममा प्रस्ताव पेश गर्ने लाभग्राहीहरु लगाएत अन्य इच्छुक कृषक/ कृषक समूह/ कृषि फर्म/ कृषि सहकारी संस्थाहरुले देहाए बमोजिमको कागजात सहित यो सूचना प्रकाशन भएको मितिले १५(पन्ध्र) दिन भित्र सम्बन्धीत वडा कार्यालय वा शाखामा आवेदन पेश गर्नु हुन सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरीएको छ।

| क्र.स. | कार्यक्रमको नाम | कैफियत |
|---|---|---|
| १ | ५० प्रतिशत अनुदानमा अलैंची खेती प्रवर्द्धन कार्यक्रम | |
| २ | ५० प्रतीशत अनुदानमा किवी खेती प्रवर्द्धन कार्यक्रम(१,२ र ६नं वडा) | |
| ३ | ५० प्रतिशत अनुदानमा मौरीको खाली घार खरिद तथा वितरण कार्यक्रम | |
| ४ | गलम बन्चरे आलु प्रवर्द्धन कार्यकक्रम उमाकुण्ड-५ | |
| ५ | ५० प्रतिशत अनुदानमा कृषि यन्त्र(मिनी टिलर,कम्बाईन थ्रेसर, स्प्रे टयाङ्की) खरिद तथा वितरण कार्यक्रम | |

२०८२/१०/११

धनेन्द्र भुजेल

प्रमुख प्रशासकीय अधिकृत

उमाकुण्ड गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
प्रिति, रामेछाप
बागमती प्रदेश, नेपाल

पत्र संख्याः ०८२/०८३
चलानी नंः

उमाकुण्ड गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
प्रिती, रामेछाप
बागमती प्रदेश, नेपाल

मितिः- २०८२/१०/११
ने.स.११४६ सिल्लाथ्व सप्तमी, आइतबार

---

**आवश्यक कागजातहरुः-**

१ कार्यक्रम माग निवेदन।
२ सम्बन्धित वडा कार्यलयको सिफारिस।
३ कृषक समूह, कृषि फर्म, कृषि सहकारी संस्थाको दर्ता प्रमाणपत्र (नविकरण भएको) स्थायी लेखा नम्वर, करचुक्ता प्रमाणपत्रको प्रतिलिपी आ.व.२०८१/०८२ को संस्थाको लेखा परिक्षण प्रतिवेदनको प्रतिलिपी, अख्तियारीपत्र
४ सम्बन्धित कृषक समूह, कृषि फर्म, कृषि सहकारी संस्थाबाट कार्यक्रममा सहभागी हुने सदस्यहरुको नागरिकता र लालपुर्जाको प्रतिलिपी,
५ निवेदकको नागरिकताको प्रतिलिपी।
६ कार्यक्रम संचालन गर्ने क्षेत्र (जग्गा/जमिन) को स्वामित्व खुल्ने कागजात र मन्जुरीनामा वा भाडामा भएमा करार सम्झौता।
७ तिरो तिरेको रसिदको प्रतिलिपी।
८ पूर्ण रुपमा भरिएको प्रस्ताव फारम।
९ प्रतिवद्धता पत्र।
१०कार्यक्रम संचालन हुने क्षेत्रको फोटो।

२०८२/१०/११
धनेन्द्र भुजेल
प्रमुख प्रशासकीय अधीकृत

धनेन्द्र भुजेल
प्रमुख प्रशासकीय अधिकृत

---